नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बारा, कलैया

फोन नं. : ०५३५५०१३३
फ्याक्स नं. : ५५००००
इमेल नं. : daobara33700@gmail.com

पत्र संख्या:-०७८/७९
च.नं.:- ४३५४

मिति:- २०७८ ०६ ०४

श्री स्थानीय तह सवै, बारा
श्री जिल्ला प्रहरी कार्यालय, बारा
श्री सशस्त्र प्रहरी बल नेपाल, नं. १२ गुण बारा

विषय:- चालिस माईक्रोन भन्दा पातलो प्लाष्टिक रोक लगाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.न. ५२९ मिति २०७८।०६।०३ को पत्र साथ संलग्न वन तथा वातावरण मन्त्रालयको सूचना यसै साथ संलग्न छ । सूचनाको कार्यान्वयनको लागी आवश्यक व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

७८/७/३/४

प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- शा.सु. ०७८/०७९/५
प्राप्त पत्र संख्या र मिति:
च.नं.:- ५२५

मिति: २०७८/०६/०३

विषयः चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिक रोक लगाउने सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोक, काठमाडौं ।
श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाडौं ।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं ।
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा वन तथा वातावरण मन्त्रालय (वातावरण तथा जैविक विविधता महाशाखा) को च.नं. १६२, मिति २०७८/०५/२९ गतेको पत्रसाथ प्राप्त मिति २०७८/०५/२८ गतेको नेपाल राजपत्रमा प्रकाशित चालिस माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्ण रोक लगाउने सम्बन्धी सूचनाको छायाँप्रति यसैसाथ संलग्न छ । व्यहोरा सोहीबाट अवगत गर्नुभई प्रकाशित सूचनाबमोजिम गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

२०७८/०६/०३

(दिनेश न्यौपाने)
शाखा अधिकृत

बोधार्थः
श्री वन तथा वातावरण मन्त्रालय
(वातावरण तथा जैविक विविधता महाशाखा),
सिंहदरबार, काठमाडौं ।

श्री प्र
(१) सुरक्षा बैठकमा पेश गर्ने
(२) कार्यालय प्रमुखहरुलाई बैठकमा जानकारी गराउने
(३) सबै सुरक्षा निकाय, स्थानीय पालिका, र कार्यालयहरुमा परिपत्र पठाउने गर्ने

# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (६) ले दिएको अधिकार प्रयोग गरी चालिस माईक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा रोक लगाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
डा. पेम नारायण कंडेल
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
गो.हु.द.नं. १६।२०६२।६३